नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं।

प्रेस विज्ञप्ती

२०८२/०२/०६

विषयः- आवेदन गरेकै दिनमा श्रम स्वीकृति जारी हुने सम्बन्धमा। (work permit on the same day)

वैदेशिक रोजगार विभागबाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरूस्त र प्रभावकारी बनाई जनतालाई अधिकतम मात्रामा छिटो, छरितो, झन्झट रहित एवं राज्यले अख्तीयार गरेको नीति, विधि पद्दती सम्मत तरिकाले सेवाप्रवाह गर्न वैदेशिक रोजगार विभाग हमेशा कृयाशिल छ।

नेपाल सरकारले वैदेशिक रोजगार व्यवसायलाई चुस्त, दुरूस्त, पारदर्शी एवं मर्यादित बनाउनका खातिर अख्तीयार गरेको संकल्प, सपना नीति एवं विधिहरूलाई अक्षरस पालना गरी वैदेशिक रोजगार व्यवसायलाई थप व्यवसायिक र मर्यादित बनाउनमा विभाग उच्च, दिगो र फराकिलो दील, दिमाग र दृष्टिकोणको साथ हमेशा अग्रसर रहिरहनेछ।

वैदेशिक रोजगार विभागबाट सम्पादन हुँदै आएको श्रम स्वीकृतिको कार्यलाई अझ बढि चुस्त, दुरूस्त र प्रभावकारी बनाउनका खातिर आज उप्रान्त online application भरेको दिनमै (work permit on the same day) (रित पुर्वकका online application को हकमा) श्रम स्वीकृति दिने परीपाटी र पद्दतीको शुरूवात गरिएको छ। साथै उक्त अनुसार online सेवा कार्यालय समय भित्रै सम्पादन हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। यसबाट सेवाग्राहीलाई निशन्देह रूपमा छिटो, छरितो र प्रभावकारी सेवा पाएको अनुभुति हुनेछ भन्ने विभागको भरोसा र विश्वास रहेको छ। आगामी दिनहरूमा अझ प्रभावकारी एवं जनमुखी सेवाप्रवाह गर्ने विभागको भावी दृष्टि, दिशा र दृष्टीकोण रहनेछ।

उपेन्द्र राज पौडयाल

सहायक प्रवक्ता